# सुनछहरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ सुनछहरी ,अषाढ २८ गते, २०८० साल संख्या २

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग- १

## बिनियोजन ऐन २०८०

**१४ औ गाउँसभाबाट पारित:२०८०/०४/२८**

सुनछहरी गाउँपालिका रोल्पाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

प्रस्तावना: सुनछहरी गाउँपालिका, रोल्पाको आर्थिक बर्ष २०८०/ ८१ को को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले ,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सुनछहरी गाउँपालिका, रोल्पाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:(१)यस ऐनको नाम " सुनछहरी गाउँपालिकाको बिनियोजन ऐन २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावन १ गतेदेखि सुनछहरी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२. आर्थिक बर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:(१) आर्थिक बर्ष २०८०/८१ को निमित्त गाउँकार्यपालिका वडा समिति विषयगत शाखाले गर्ने

सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च पूजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु ४०,५७,९८,१०५.७०(चालीस करोड सन्ताउन्न लाख अन्ठानब्बे हजार एकसय पाँच रुपैया पैसा सहत्तरी मात्र ) र पछि थपघट हुने रकम समेत समावेश गरी निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. बिनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०८०। ८१ को निमित्त सुनछहरी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिका वडा समिति र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र बित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ ।

सुनछहरी गाउँपालिका